आज मिति २०८३ साल असार महिनाको २० गते ठीक ११ :०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११३ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

शिक्षा शाखा प्रमुख कविता पोखरेल

पशु शाखा प्रमुख ओम बहादुर मस्राङ्गी

पूर्वाधार शाखा प्रमुख श्री संजय खनाल

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

बाल कल्याण अधिकारी श्री कुश्माखर पाण्डे

का.स.श्री गम बहादुर गाहा

मिति २०८३।०३।२० गतेका दिन ठीक ११:०० बजे बसेको निस्दी गाउँपालिकाको ११३ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।
२. वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।
३. सभाको बैठक सम्बन्धमा ।
४. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
५. म्याद थप सम्बन्धमा ।
६. भुक्तानी सम्बन्धमा ।
७. मंहगी भत्ता सम्बन्धमा ।
८. भेरिएसन आदेश जारी सम्बन्धमा ।
९. विविध ।

मिति २०८३।०३।२० गते बसेको निस्दी गाउँपालिकाको ११३ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो साथै देहाय बमोजिमका आयोजनाहरुको अनुगमन गरिएको र सो बारे समिक्षा गरियो ।

-Constructing of Galdha Health post Truss and supporting wall

-घाडछहरी खहरे झरना पर्यटन प्रवर्द्धन

-विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित अनुदान कार्यक्रम (ICT खरिद )सरस्वती मा.वि.कठैडाँडा

-गाङ्गदीखोला कल्भर्ट निर्माण

२.आगामी आ.व.२०८३।०८४ को लागि सभाको दोस्रो बैठकमा पेश भई शाखागत र वडा गत रुपमा विनियोजन भएको बजेटबाट विविध आयोजना तथा कार्यक्रम तर्जुमा गरी आगामी गाउँ कार्यपालिकाको बैठकले पारित गरी सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३.निस्दी गाउँपालिका गाउँ सभाको २० औं अधिवेशनको तेस्रो बैठक मिति २०८३।०३।३० गते २:०० बजे बहुउद्धेश्यीय सभाहल,बसेनीमा बस्ने र सो बारे सभाका सदस्यहरुलाई जानकारी गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४.यस निस्दी गाउँपालिकाको वार्षिक पालिकास्तरीय सार्वजनिक सुनुवाई मिति २०८३।०३।३१ गते ११:०० बजे गर्ने र सो बारे सम्बन्धित सबैमा सूचना आह्वान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

५.देहाय बमोजिम म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

क. निस्दी गाउँपालिकाको ठेक्का नं.NCB/NRM/1S2E/WORKS/079-080-11( Upgrading works of Kem Khamcha) को सम्झौता म्याद थपको लागि माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा भौतिक प्रगति करिब ५९ प्रतिशत देखिएको र बाँकी काम अबिरल वर्षा,बाटो अवरोध,प्रतिनीधिसभा निर्वाचन, अत्यधिक मूल्य वृद्धि र निर्माण सामाग्रीको अभावको कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम उक्त आयोजनाको सम्झौता म्याद मिति २०८३।१०।२९ सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख.निस्दी गाउँपालिका वडा नं.७ अन्तर्गतको यस आ.व.२०८२।०८३ मा गाउँ सभाबाट स्वीकृत रकम रु.१२,००,०००।- को बेभोक लिफ्ट खानेपानी आयोजना बेभोके टोल विकास संस्था र गाउँ कार्यपालिकाको कार्यालयबीच सम्झौता भई कार्यान्वयनमा रहेको र लागत अनुमान तयारमा ढिलाई भएको साथै सो आयोजना कार्यान्वयनको क्रममा अधिक वर्षाको कारण विद्युत सम्बन्धी सामाग्री खरिद भएता पनि जडान गर्ने काम सम्पन्न हुन नसकेका कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम उक्त आयोजनाको सम्झौता म्याद मिति २०८३।०९।३० सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

६.देहाय बमोजिम रकम भुक्तानी दिने र सो भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

क.सुकेकोट थाम आनन्दी खानेपानी मोटर पम्प कन्ट्रोलर बक्स खरिदको लागि विनियोजन भएको रकम रु.३०००००।- ले उक्त आयोजना कार्यान्वयन सम्पन्न हुन नसकेकोले नपुग रकम १,१२,०००।- मध्ये १० प्रतिशत वापतको रकम सम्बन्धित उपभोक्ता समितिले र बाँकी रकम गाउँपालिकाको मर्मत सम्भार कोषबाट भुक्तानी हुने गरी रकम उपलब्ध गराउने ।

ख.यस निस्दी गाउँपालिका वडा नं.२को वडा स्तरीय वृत्त चित्र निर्माण, वडा नं.३ को झिरुवास वडा स्तरीय वृत्त चित्र निर्माण,वडा नं.४ को मित्याल डकुमेन्ट्री निर्माण र वडा नं.७को वडा डकुमेन्ट्री निर्माण गरी जम्मा रकम रु.४,००,०००।- को मेरो खबर मिडिया प्रा.लि.द्धारा सम्झौता गरी भिडियो डकुमेन्ट्रीको काम सम्पन्न गरेकोले सो को भुक्तानी दिने ।

ग.यस निस्दी गाउँपालिका वडा नं.१ को नवनिर्मित वडा कार्यालय भवन उदघाटन वापतको रकम रु.५५,५००।- र वडा नं.२ को नवनिर्मित वडा कार्यालय भवन उदघाटन वापतको रकम रु.७१,९८०।- उदघाटन तथा शिलान्यास शीर्षकबाट भुक्तानी दिने ।

घ. यस निस्दी गाउँपालिका वडा नं.२ अन्तर्गतको सहलकोट स्वास्थ्य चौकी व्यवस्थापन समितिबाट हस्तान्तरण भई आएको एम्बुलेन्स सञ्चालनको लागि मर्मत वापतको रकम रु.३,९५,५२३.७३।- (अक्षरुपी तिन लाख पन्चानब्बे हजार पाँच सय तेईस रुपियाँ त्रिहत्तर पैसा मात्र ) सवारी साधन मर्मत खर्च शीर्षकबाट भुक्तानी दिने ।

ङ.यस निस्दी गाउँपालिका वडा नं.३ अन्तर्गतको पर्यटकीय स्थल काउलेडाँडामा भित्तेलेखन वापत खर्च भएको रकम रु.६७,९६५।-विविध शीर्षकबाट भुक्तानी दिने ।

७.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा नेपाल सरकारबाट स्वीकृत स्वास्थ्य सेवा ब दरबन्दी करार सेवामा कार्यरत कर्मचारीहरुलाई मात्र यस आ.व.२०८२।०८३ को स्थायी कर्मचारी सरह मंहगी भत्ता वापतको रकम उपलब्ध गराउने र सो को भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

८. निस्दी गाउँपालिकाको ठेक्का नं. EGP/NCB/WORKS (HB)/NRM/03-077/078 को १५ शैया अस्पताल निर्माणको लागि सम्झौता गरेको प्रतिक रबिना जे.भि.द्धारा भेरिएसन आदेश जारीको लागि माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा देहायका आधारमा सार्वजनिक खरिद ( दोस्रो संशोधन ) अध्यादेश,२०८३, सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ बमोजिम उक्त कम्पनीले पेश गरेको भेरिएसन स्वीकृत गरी भेरिएसन आदेश जारी गर्ने र सोही आधारमा अन्तिम बिल भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

-ढुंगा सोलिङ्गको कार्यमा फल्याग स्टोन र प्लिन्थ प्रोटेक्सन एरियामा इस्टिमेट छुट्न गएकोले परिमाण बढाईएको ।

-बाहिरी रङ्गरोगन : भवनको बाहिरी भागमा लगाउने वेदर पेन्ट र प्राइमरको परिमाण इस्टिमेटमा छुटेकोले थप गरिएको ।

-३ मिमि पन्निङ :फ्लोरिङमा गरिने पन्निङको कार्य लागत अनुमानमा छुटेकोले थप गरिएको ।

-स्टेनलेस स्टिल ह्यान्डरेल:३८ मिमि व्यासको ह्यान्डरेलको परिमाण इस्टिमेटमा छुटेकोले थप गरिएको

-सुपरस्ट्रक्चर ईँटाको गारो : सुपरस्ट्रक्चरको आइटम नं.१४ को परिमाणलाई ग्राउन्ड फ्लोरको आइटम नं.१३ मा अद्यावधिक गरिएको र मेजर ओटी,डेलिभरी रुम, एक्टिभ लेबर र इमुनाइजेसन कक्षहरुमा पहिले तय गरिएको आल्मुनियम पार्टिसनको सट्टा ईँटाको गारो लगाउने गरी परिवर्तन गरिएको ।
-हर्मेटिक अटो स्विङ डोर : आल्मुनियम पार्टिसन सेक्सनमा हर्मेटिक ढोका फिक्स गर्न नमिल्ने भएकाले यो आइटम हटाइएको ।
-सालको काठको चौखट : सम्झौतामा ढोकाको प्यानल नै समावेश नभएकोले चौखटको साथै उक्त ढोकाको पल्ला नभएको र डिजाइनमा कुनै ढोकामा सो परिमाण राख्न पर्ने नदेखिएकाले हटाइएको ।

९.देहायका विविध विषयमा छलफल गरी देहाय बमोजिमका निर्णय गरियो ।

क. मिति २०८३।०३।१६ मा बसेको गाउँ शिक्षा समितिको बैठकमा प्रस्तावित प्रस्तावहरुको विषयमा भएका निर्णयहरुलाई यसै गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गर्ने र सोहि बमोजिम कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ख.यस निस्दी गाउँपालिका वडा नं.३ अन्तर्गतको साविक झिरुवास वडा नं.९ का सबै टोलहरुमा भौगोलिक विकटताको कारण १ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाले सेवा प्रदान गर्न नसक्ने भएकोले सो क्षेत्रको डुनडाँडा,भुटुक्दी,माङ्ग्रे,ससबर र गुम्ब्रिङमा सेवा प्रदान गर्ने गरी अर्को १ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका राख्ने सर्वसम्मत निर्णय गरियो ।